स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्काले फिल्म 'रावायण'लाई लिएर उत्पन्न विवादलाई लक्षित गर्दै प्रतिक्रिया दिएका छन् । सोमबार बिहान फेसबुकमा स्टाटस लेख्दै उनले कानूनी राजको विकल्प नभएको बताएका हुन् । उनले दुलाह र दुलही, विश्वचर्चित खेलाडीहरु मेस्सी र कोहलीको उदाहरण पेश गर्दै घुमाउरो ढंगले कटाक्ष गरेका छन् । खड्काको यो अभिव्यक्ति 'रावायण'लाई लिएर सुदर्शन थापा प्रोडक्सन र अनमोल केसीबीचको विवादको पृष्ठभूमिमा आएको हो ।

आजको विचार...



नेपाल...
(दुई पेजमा)

विष्णुप्रसाद खनाल



अभिनेता अनमोल केसी हिरासतमुक्त भएका छन् । उनलाई खोजेको बेला उपस्थित हुने गरी अभिभावकको जिम्मा लगाएको प्रहरीले जनाएको छ । जिल्ला अदालतले ३ दिन हिरासतमा राख्न अनुमति दिए पनि उनलाई अनुसन्धानका लागि हिरासतमा राख्नुपर्ने अवस्था नदेखिएकाले रिहा गरेको हो । रिहा भएपछि अनमोल केसी घरबाट मगाएको गाडी चढेर प्रहरी कार्यालयबाट बाहिरिएका छन् । फिल्म 'रावायण'को आर्थिक लेनदेन विवादमा निर्मात्री सुप्रिया कटुवालले अनमोलविरुद्ध उजुरी दिएकी थिइन् ।

❐ वर्ष २९ ❐ अंक ७८ ❐ २०८० असोज १६ गते मंगलबार 3 October 2023, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### डेंगीबाट एकको मृत्यु

**दाङ,** असोज १५/डेंगी संक्रमणबाट दाङमा एक जनाको मृत्यु भएको छ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारत एक पुरुषको मृत्यु भएको हो ।

मृत्यु हुनेमा रोल्पा माडी गाउँपालिका-२ घर्तीगाउँका ५१ वर्षीय यज्ञबहादुर डाँगी रहेका छन् । डाँगीलाई केही समयअघिदेखि स्वास्थ्यमा समस्या देखिए पनि प्रतिष्ठानमा भने आइतबार साँझ उपचारका लागि ल्याइएको थियो । उनको उपचारकै क्रममा सोमबार बिहान मृत्यु भएको प्रतिष्ठानले जनाएको छ । डाँगीले श्री कृष्ण माध्यमिक विद्यालय घर्तीगाउँमा अध्यापन गराउँदै आएका थिए । प्रतिष्ठानमा स्वास्थ्य जाँच गर्दा डाँगीलाई डेंगी संक्रमण पुष्टि भएको थियो ।

### भारी वर्षाको सम्भावना

**पाल्पा,** असोज १५/नेपालमा हाल भारतको विहार र पश्चिम बङ्गाल आसपासको क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको प्रभावले पछिल्लो तीन दिनदेखि देशका विभिन्न स्थानमा सामान्य वर्षा भइरहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशभर आंशिकदेखि सामान्य बदली रही कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । कोशी, मधेस र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ । रातिको समयमा पनि कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशको एक-दुई स्थानमा मेघ गर्जन चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

मधेस, गण्डकी र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

# विभिन्न स्थानमा एकै दिन नौ जना मृत फेला

हाम्रा संवाददाता

**पाल्पा,** असोज १५/देशका विभिन्न स्थानमा एकै दिन नौ जना मृत अवस्थामा फेला परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार गुल्मी, रूपन्देही, स्याङ्जा, नवलपरासी पूर्व, सुर्खेत, मकवानपुर, सुनसरी, काभ्रे, मोरङ लगायत जिल्लाका छुट्टाछुट्टै स्थानमा ९ जना व्यक्ति मृत अवस्थामा फेला परेका हुन् ।

गुल्मीको कालिगण्डकी गाउँपालिका-६ तुपुङ ढाबा नजिकैको एक जंगलमा एक वृद्ध मृत फेला परेका छन् । ढाबाका ८० वर्षीय यमबहादुर थापा सोही ठाउँस्थित पालुङ खोला नजिकैको जंगलको झाडीमा आइतबार मृत अवस्थामा फेला परेका हुन् । असोज ५ गते साँझ घरबाट हिँडेका उनी फर्केर नआएपछि खोजी गर्ने क्रममा जंगलमा शव फेला परेको हो । यस्तै रूपन्देहीको सम्मरिमाई गाउँपालिका-७ केरावा डिवामा एक पुरुष मृत फेला परेका छन् । सोही ठाउँका ६५ वर्षीय जोगी भुज घर नजिकै सडक किनारमा मृत अवस्थामा फेला परेका हुन् । यस्तै स्याङ्जाको आँधीखोला गाउँपालिका-३ सरादी खोलामा एक बालक मृत भेटिएका छन् । खहरेका यम बहादुर नेपालीका १२ वर्षीय छोरा अनिल नेपाली सरादी खोलामा मृत अवस्थामा फेला परेका केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । जनप्रिय मावि काउरेमा पढ्न गएका उनी घर नफर्किएपछि खोजी गर्ने क्रममा शव फेला परेको हो । यस्तै नवलपरासी पूर्व, मध्यबिन्दु नगरपालिका-५ दाउनबारीस्थित खयरघारीमा हाल नाम,



थर, वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेका छन् । उता सुर्खेतको बिरेन्द्रनगर नगरपालिका-२ चेतना जनजागृति सामुदायिक वनमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । नाम, थर, वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरुष आइतबार मृत अवस्थामा फेला परेका हुन् । मकवानपुरको ईन्द्रशरोवर गाउँपालिका-२ देवटारमा पनि एक पुरुष मृत भेटिएका छन् । देवटारका ५३ वर्षीय भिमलाल स्याङ्तान आफ्नै घरको कोठामा मृत अवस्थामा फेला परेको प्रहरी समाचार कक्षले जनाएको छ ।

यस्तै सुनसरीको धरान उपमहानगरपालिका-११ कल्याण चोकस्थित बाटोको छेउमा एक पुरुष मृत अवस्थामा फेला परेका छन् । सोही उपमहानगरपालिका-८ मा डेरा गरी बस्ने धनकुटा महालक्ष्मी नगरपालिका-४ घर भएका ४५ वर्षीय भोलामान खड्का आइतबार मृत अवस्थामा फेला परेका हुन् । काभ्रेको बनेपा नगरपालिका-१ कलमसीस्थित प्लटीङ गरेको जग्गाको छेउमा एक पुरुष मृत फेला परेका छन् । सोही ठाउँका सुदिप घिमिरेको घरमा खेतको काम गरी बस्ने सिन्धुली मरिन गाउँपालिका-५ घर भएका ५५ वर्षीय दुद्धलाल थिङ शरीरमा चोट लागि मृत अवस्थामा फेला परेका हुन् । यस्तै मोरङ धनपालथान गाउँपालिका-४ हरकपुरमा पनि एक पुरुष मृत अवस्थामा फो परेका छन् । सोही बस्ने २८ वर्षीय पर्शुराम चौधरी आफ्नै घरमा मृत अवस्थामा फेला परेका हुन् । ९ वटै घटनामा मृत्युको कारण पत्ता नलागेको र घटना बारे थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# बीउ र तरकारी बेचेर १४ लाख बढीको आम्दानी

**वालिङ (स्याङ्जा),** असोज १५/ स्याङ्जाको गल्याङ नगरपालिका-११ जिमुहाका ५३ वर्षीय चन्द्रकान्त डुम्रेले मौसमी तथा बेमौसमी तरकारी तथा बीउ बिक्री गरेर वार्षिकरूपमा १४ लाख बढी आम्दानी गर्दै आएका छन् ।







डुम्रेले जनकदेव, खुमल रातो खुमल उज्वल, एमएस ४२ जातको आलुको बीउ बिक्रीबाट वार्षिरूपमा पाँच लाख, बोडी बिक्रीबाट तीन लाख ५० हजार, घिरौँला, काँक्रा, करेला र लौका बिक्रीबाट दुई लाख, रामधानको बीउ बिक्रीबाट एक लाख ५० हजार, अरुण दुई जातको मकैको बीउ बिक्रीबाट ८० हजार गरी वार्षिक औसतमा चौध लाख बढी आम्दानी गर्दै आएका छन् । भारत, मलेसिया तथा जापानमा करिब १८ वर्ष वैदेशिक रोजगारीबाट स्वदेश फर्किएर उनले कृषि काम गर्न थालेका हुन् । 'विभिन्न देशमा रोजगारी गरेँ अन्त्यमा आफ्नै देशमा फर्केर कृषि कार्य गर्दै आएको छु', उनले भने, 'चन्द्रकान्त डुम्रे कृषि फार्म दर्ता गरी झण्डै एघार वर्षअघिदेखि व्यावसायिक कृषिको सुरुआत गरेको हुँ ।' सुरुमा आफ्नै तीन रोपनी जग्गाबाट कृषि कर्म थालेका डुम्रेले कृषिमा सम्भावना देखे । हाल उनले आफ्नो पाँच रोपनी र अरुको करिब १५ रोपनी जग्गा भाडामा लिएर २० रोपनी क्षेत्रफलमा मौसमी तथा बेमौसमी तरकारी तथा समयअनुसारका धान र आलुको बीउ उत्पादन गर्दै आएका छन् । 'मेरो मुख्य पेसा नै कृषि हो, मैले गरेको कार्यबाट म सन्तुष्ट छु', उनले भने, 'उत्पादित कृषिजन्य वस्तुको बजारीकरणको कुनै किसिमको समस्या छैन ।' बाह्रै महिना सिँचाइका लागि पानीको सुविधा भएकाले उनले वर्षमा तीन बाली लगाउँछन् । तरकारी स्थानीय बजारमै खपत हुने गरेको छ । मकै, धान, गहुँ, आलुको बीउ नगरपालिका, गाउँपालिका, कृषि ज्ञानकेन्द्र, कृषि विकास स्रोतकेन्द्र तथा सरकारी संघसंस्थाको समन्वयका आधारमा सजिलैसँगै बिक्री हुने गरेको उनी बताउँछन् । जिमुहा विभिन्न जातका तरकारी तथा आलु र धानको पकेट क्षेत्र हो । यहाँबाट बर्सेनि लाखौँको तरकारी तथा बीउ निर्यात हुने गरेको छ । *-रासस*

## सुविधा सम्पन्न घर भाडामा

सुन्दर नगर तानसेनको कैलाशनगरस्थित ''होटल रानीमहल'' नजिकै हिमश्रृखलाको दृश्यावलोकन गर्न मिल्ने, गार्डेन र पार्किङ्गको समेत व्यवस्था भएको, एट्याच बाथरुम, तातो चिसो पानीको व्यवस्था भएको घर भाडामा छ ।

सरकारी, गैरसरकारी कार्यालय, होमस्टे, रेष्टुरेण्ट समेत सञ्चालन गर्न मिल्ने, कम्पाउण्ड भएको घर भाडामा लिन इच्छुक संघ, संस्था, व्यक्ति वा परिवारले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं : ९८४७५९७७७०**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## भन्सार छली गर्नेलाई कारवाही गर

भन्सार छली गर्नु महाअपराध हो । यसले देशलाई नै ठगेको प्रष्ट हुन्छ । पछिल्लो समय पाल्पासहित देशभर नै भन्सार छली गर्ने क्रम बढ्दो छ । सरकारले बारम्बार कर प्रशासनलाई चुस्त बनाउने प्रतिवद्धता जनाउँदै आए पनि, भन्सार छलीको मात्रा थप भयावह बन्दै जानु दुखद् हो । अहिले दैनिक रुपमा भन्सार नाकाहरूबाट छुटेका गाडीहरु समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । पछिल्ला केही वर्ष यता पाल्पामा भन्सार छलेर सामान ल्याउने क्रम बढेको छ । गत वर्षको भदौ यता पाल्पाबाट १६ लाख १ हजार ४ सय ६० रुपैयाँबराबरका भन्सार छलीका सामान बरामद भएका छन् । यस्ता गतिविधि माथि छानविन र कारवाही हुन सकिरहेको छैन । यसलाई रोक्न अहिलेसम्म कुनै विशेष पहल हुन नसक्नु दुर्भाग्य हो ।

पछिल्ला वर्षहरुमा यस्ता असमान्य बेलाबाहेक सामान्य अवस्थामा पनि चोरी–पैठारीका घटना नियन्त्रणमा आउन सकेका छैनन् । राजस्व छलीमा कर्मचारीको समेत मिलेमतो हुने गरेको छ । यो हाम्रा लागि ठूलो दुर्भाग्य हो । सुशासन र पारदर्शीतासहितको व्यवस्थित प्रणालीको स्थापना हुन नसक्दा यहाँ जसले सके त्यसले लुट्ने अवस्था सिर्जना भएको छ । जसरी हुन्छ लुटेर अथाह सम्पति आर्जन गर्ने व्यक्तिहरू नै समाजमा पुजनीय बन्ने गरेका छन् । विकृत पुँजीवादका कारण पनि यहाँ लुट्ने प्रतिस्पर्धा चलिरहेको छ । त्यस्तो खराब कामलाई दण्डित गर्ने निकायहरू आफैं लुट्ने कार्यमा संलग्न हुन पुग्नु झनै दुर्भाग्यपूर्ण छ । नेपालमा पछिल्लो समयमा सेटिङ धन्दा यति धेरै फस्टाएको छ कि शायद सेटिङ धन्दामा नेपाल अग्रपंक्तिमै छ । सरकारका निकायबाट नै राजस्व छली गर्ने वातावरण सिर्जना गरिनुले पनि यस्ता महाअपराधपूर्ण कार्य भएका छन् । यस्ता गलत कार्य गर्ने जो कोहीलाई पनि कडा भन्दा कडा कारवाही हुन आवश्यक छ । उनीहरुसँग कुनै प्रकारको सम्झौता नगरी कानुनी कारवाही गर्न सकेमा देश आर्थिक रुपमा धेरै नै सक्षम हुन सक्छ । तसर्थ भन्सार छली गर्ने र गराउन सहयोग गर्ने जो कोहीलाई कानुनी कारवाही गर्न जरुरी छ । यसतर्फ सरकार र सम्बन्धित निकायको ध्यान जान आवश्यक छ ।

## Opinion @ Social Network

डराउने अन्धकारसँग होइन, आफ्नै अहंकारसँग हो, घाम डुब्दा अन्धकार बढ्छ र बिहानीसँगै उदाउँछ पनि तर अहंकार बढ्दै गयो भने जिन्दगी डुबाइदिन्छ ।

(धनु भुसालको फेसबुक स्टाटस https://www.facebook.com/Dhanubhusal202)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल–चीन सम्बन्ध, सम्झौता र व्यवहार



**विष्णुप्रसाद खनाल**

*चीन–नेपालका विभिन्न क्षेत्रमा लगानी र सहयोग गर्दै आएको छ । कुनै पनि देशको अन्य देशसँग सम्बन्ध कायम गर्दा स्थायित्व, सुरक्षा र स्वतन्त्रतालाई आधारशिलाको रूपमा अवलम्बन गर्ने गरेको पाइन्छ तर व्यावहारिक रूपमा विकशित देशले अविकशित, विकासशील तथा विकासोन्मुख देशमा विभिन्न तरिकाले प्रभाव पार्ने गर्दछन् । नेपाल चीनको सम्बन्धमा व्याख्या तथा विश्लेषण गर्दा नेपाल र चीनका बीचमा भएका सन्धि, सम्बन्ध तथा सम्झौताको इतिहासका बारेमा बुझ्नु जरुरी हुन्छ ।*

नेपाल र चीनको सम्बन्धलाई अन्य देशसँगको सम्बन्धसँग तुलना गर्न सकिँदैन किनभने यो सम्बन्ध भू–राजनीतिक अवस्थासँग मात्र सम्बन्धित नभएर सीमा, आर्थिक सहयता र सम्बन्धसँग पनि जोडेर हेर्नें गरिन्छ । हुन त नेपालका कम्युनिष्टहरूको आदर्श नै चीन, जर्मन र रसिया हो तर विडम्बनाका साथ भन्नुपर्छ कि नेपालका नेतृत्व तहको सिद्धान्त र व्यवहारमा आकाश पातलको फरक छ । उत्तरी छिमेकी चीन आर्थिक रूपले समृद्ध राष्ट्र हो जुन देशसँग नेपालको तातोपानी नाकासहित दर्जनौं सिमानाका जोडिएका छन् तर सबै नाकाहरू स्फूर्तरूपमा सञ्चालनमा आउन नसक्दा जुन तहमा नेपाल र चीनका बीचमा आयात निर्यात हुनुपर्ने हो त्यो हुन सकिराखेको छैन । चीनले बेल्ट एण्ड रोड इनिसेटिभ (बिआरआई)मार्फत नेपालमा आफ्नो सम्बन्धलाई अझै प्रगाड बनाउन खोजेको छ । नेपालको भूमि प्रयोग गरेर चीनविरोधी गतिविधि नहुन् भन्नेमा चीन सधैं सचेत छ । सम्बन्ध, सन्धि र सम्झौताले दुई देशबीचको मेलमिलापलाई औपचारिकता दिने र संस्थागत गर्ने साधनको रूपमा लिन सकिन्छ । देशहरूका बीचमा दौत्य सन्धि, असमान सन्धि, सीमा सन्धि, प्राविधिक सम्झौता, व्यापार तथा वाणिज्य सम्झौता, पारवाहन सम्झौता, सांस्कृतिक सम्झौता, सहयोग सम्झौता, करार सम्झौता, सैनिक सन्धि र व्यक्तिगत सहमति तथा समझदारी गर्ने गरिन्छ । भाषा, धर्म र संस्कृतिको हिसाबले फरक भए पनि नेपालको राजनीति, अर्थतन्त्र र प्रशासनमा चीनको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पर्दै आएको छ तथापि चीनले कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने कुरा उल्लेख गर्दै आएको छ । चीन–नेपालका विभिन्न क्षेत्रमा लगानी र सहयोग गर्दै आएको छ । कुनै पनि देशको अन्य देशसँग सम्बन्ध कायम गर्दा स्थायित्व, सुरक्षा र स्वतन्त्रतालाई आधारशिलाको रूपमा अवलम्बन गर्ने गरेको पाइन्छ तर व्यावहारिक रूपमा विकशित देशले अविकशित, विकासशील तथा विकासोन्मुख देशमा विभिन्न तरिकाले प्रभाव पार्ने गर्दछन् । नेपाल चीनको सम्बन्धमा व्याख्या तथा विश्लेषण गर्दा नेपाल र चीनका बीचमा भएका सन्धि, सम्बन्ध तथा सम्झौताको इतिहासका बारेमा बुझ्नु जरुरी हुन्छ ।

नेपाल चीन सम्बन्धको आफ्नै बेग्लै इतिहास छ । सम्बन्धमा सुरक्षा स्थायित्व र अन्तर्राष्ट्रिय क्रियाकलापमा केन्द्रित रहन्छ । चीनको सुरक्षाका लागि नेपाल महत्वपूर्ण छ । काठमाडौं उपत्यका र चीनका बीचमा मञ्जुश्रीको समयमा भएको सन्धिपछि नेपालको तत्कालीन हुम्ला राज्यले मानसरोवर क्षेत्रका राज्यसँग सम्झौता, लिच्छविकालमा स्रोङचोङ गोम्पोसँगको सन्धिले नेपाललाई पारवाहन मार्गको सुरुवात गर्न सहयोग गरेको र खस चीन सन्धिले कर्णाली र तिब्बतको सम्बन्ध स्थापना गरायो तर मुस्ताङ भोट सम्बन्धले मुस्ताङ र तिब्बतको सांस्कृतिक आदानप्रदान, व्यापार र सीमाका निर्धारणमा विकास गरेको देखिन्छ । नेपाल तिब्बत मुद्रा सन्धिले नेपाल र तिब्बतबीच कारोबार हुने मुद्राको व्यवस्थापन र अनुमतिलाई चित्रण गरेको छ जसमा तत्कालीन दोलखाका राजा इन्द्रसिंहले सन् १५०५ मा चाँदीको मोहोर छापी तिब्बतका लागि केही मुद्राहरू उपलब्ध गराउनका लागि सम्झौता गरेका थिए । तर, यसले अन्तर्राट्रिय मान्यता प्राप्त गर्न कठिन भएपछि काठमाडौंका राजा महेन्द्र मल्ल (सन् १५१६ देखि सन् १५७४) ले दिल्लीमा सौगात लगी मुगल सम्राट अकबरबाट नेपालमा चाँदीको मोहोर बनाउने सहमति दिन सकेपछि नेपालमा चाँदीको मोहोर, महेन्द्रमल्लीको टकमारी सुरु भएको थियो । यो मोहोरलाई तिब्बतमा व्यापार गर्ने सन्धिले तिब्बतबाट चाँदी ल्याएर नेपालमा सिक्का बनाउने कार्य गरेको थियो । भीम मल्लको भोटसँगको सन्धिले व्यापारमा सहजीकरण गरेको पाइन्छ । त्यसैगरी, सन्धिकै सन्दर्भमा गोरखालीका लागि केरुङको बाटो गरी तिब्बतसँग व्यापार गर्न रामशाहको सन्धिले सहजीकरण गरेको पाइन्छ । त्यसै गरी नेपाल र चीनका बीचमा टकसम्बन्धी विवाद, मुद्रा विवाद र गोरखासँगको सन्धि, मुद्रा व्यापार र कुती व्यापार सन्धि १७७५, नेपाल भोट युद्ध र केरुङ सन्धि, नेपाली–तिब्बत चीनबीच बेत्रावती सन्धि १७९३ भएको थियो ।

नेपाल–तिब्बतबीचको थापाथली सन्धि १८५६, नेपाल भोटबीचको केरुङ सन्धि १८८४, नेपाल–चीन सम्झौता १९५६, नेपाल–चीनबीचको पञ्चशीलको सन्धि १९५६, नेपाली–चीन सीमा सम्झौता १९६०, राजमार्ग निर्माणसम्बन्धी सम्झौता १९६१, नेपाल–चीन व्यापार सम्झौता १९६४, नेपाल र चीनबीच स्वशासित क्षेत्र तिब्बत र नेपालबीचको सम्झौता १९६६ पनि महत्वपूर्ण छन् । नेपाल–चीन व्यापार सम्झौता १९६८, व्यापार तथा भुक्तान सम्झौता १९७४, नेपाल र तिब्बतबीच व्यापारलगायत सम्झौता १९८६, सांस्कृतिक सम्झौता १९९९, गैरसरकारी सहयोग मञ्चको स्थापना १९९६, सैनिक सम्झौता, आर्थिक व्यापारिक समिति गठनको सम्झौता २००८, नयाँ सन्धिको मस्यौदा २००८ जस्ता सन्धि–सम्झौताले नेपाल र चीनको सम्बन्धलाई निश्चित तहमा पुऱ्याएको छ । नेपाल–चीनबीच भएको आर्थिक सहायता सम्झौता, चीन वादशहासित ठूलो घाह, राख्नु, हिन्दुपतिको साँध लाउनु सम्वत् १८३१, संवत १९४८ तिरको गोर्खा सामरिक पत्र, नेपाल–चीन सिमानाको सन्धिपत्र, नेपाल चीनबीच काठमाडौंदेखि तिब्बतसम्म राजमार्ग निर्माण गर्ने सम्झौता, नेपाल चीनबीच दौत्य सम्बन्धको स्थापना, नेपाल र चीन सन्धिपत्र, नेपाल र चीन सीमासम्बन्धी सीमा सम्झौता, शान्तिमैत्री सन्धि, नेपाल र चीन सीमाका बासिन्दाहरूको नागरिकतबारे सम्झौता, करद सन्धि, केरुङ सन्धिसम्बन्धी पत्र गोर्खाभारालाई, गोर्खा भोट चीन सम्पर्क, भोटमा गोर्खामुद्रा स्फीतिबारे चिनियाँ दूतको पत्र, गोर्खा न्यायाधीशलाई चिनियाँ राजदूतको मुद्रास्फीतिसम्बन्धी पत्र, गोरखाधीशलाई चिनियाँ राजदूतको मुद्रास्फीति सम्बन्धी पत्र, गोर्खा र भोटको मुद्रास्फीतिसम्बन्धी पत्र, गोर्खा र भोटको मुद्रा सन्धि, नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतबीचको व्यापार, आपसी सम्झौताले नेपाल र चीनको सम्झौतालाई चित्रण गरेको पाइन्छ ।

नेपाल र चीनको सम्बन्धमा खासगरी सन् १९६१ अक्टुबर ५ मा सीमा सम्झौता भएको थियो भने १९६३ जनवरी २० मा पहिलोपटक प्रोटोकलमा हस्ताक्षर भएको थियो । उक्त प्रोटोकल अनुसार हरेक १० वर्षमा दुवै देशले संयुक्तरूपमा सिमानाको निरीक्षण गर्ने व्यवस्था छ । दोस्रो प्रोटोकलामा सन् १९७९ मा र तेस्रो प्रोटोकलमा सन् १९८८ को डिसेम्बरमा हस्ताक्षर भएको थियो जवकी सन् १९६० को अप्रिल २८ मा नेपाली–चीन शान्ति तथा मैत्रीपूर्ण सन्धि गरिएको थियो । जसले नेपाल–चीनको द्विपक्षीय सम्बन्धलाई परिभाषित गर्ने कार्य गरेको छ । हालैका वर्षमा चीन सार्कमा प्रवेश गर्ने प्रयास गरिरहेको छ जसलाई नेपालले निरन्तर समर्थन गरिरहेको छ । चीन र नेपालको सीमा १ हजार ३ सय ८९ किलोमिटर छ । सन् १९५६ मा नेपाल–चीनबीच मैत्री सम्बन्ध सम्झौता भएको थियो । नेपालका प्रधानमन्त्री पुष्पकमलको चीन भ्रमणको समयमा नेपाल र चीनबीच १२ वटा सम्झौता र एउटा समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता प्रधानमन्त्री प्रचण्ड र उनका समकक्षी चिनियाँ प्रधानमन्त्री लि छ्याङबीच ग्रेटहल अफ द पिपलमा भएको द्विपक्षीय वार्तापछि भएको हो । चीनको राष्ट्रिय विकास र सुधार आयोग र नेपालको राष्ट्रिय योजना आयोगका बीचमा सहकार्यका लागि सम्झौता, पहाडी क्षेत्रमा वस्तुको उत्पादन र वितरणसम्बन्धी सम्झौता, डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्यका लागि सम्झौता, हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषयमा सम्झौता, कृषि, पशुपन्छि विकास र माछापालनको विकासमा सहकार्यका लागि सहमति, पारवाहन तथा व्यापार भुक्तानीसम्बन्धी सहमति, औषधि उत्पादनका लागि बनस्पति निर्यातसम्बन्धी सम्झौता, विज्ञान, प्रविध र नवप्रर्वतनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता एवं प्रकोप सामग्री, मानव संशाधन र हिल्सा सिमकोट सडक परियोजना जस्ता विषयमा सम्झौता तथा समझदारी भएको छ । तर, ती सम्झौताको कार्यान्वयन कस्तो छ । त्यो त हेर्नै बाँकी छ ।

पहिलो कुरा त आफ्नो देश बलियो हुनुपर्दछ । देशको विदेश नीति र सरकार बलियो भएको खण्डमा मात्र कुनै देशसँगको सम्बन्धलाई बराबरी वा हाराहारीमा लैजान सकिन्छ । गरिब देशले धनी देशसँग सहयोगको अपेक्षा राख्नु अस्वाभाविक होइन तर आफ्नो देशभित्रको स्रोतसाधनलाई प्रभावकारी प्रयोग गर्नु जरुरी छ । छिमेकी देशसँग सीमा विवाद तथा हस्तक्षेपको विषय कुनै नौलो विषय होइन् । तर, देशको नेतृत्व गर्नेको कमजोर क्षमताको कारण देश कमजोर बन्दै जाने र व्यक्तिवादी तथा दलगत स्वार्थ हावी हुँदै जान्छ । यसरी हेर्दा, नेपालले भारत र चीनसँग समदूरीको सम्बन्ध स्थापना तथा कायम गर्नु जरुरी छ । नेपालले एक चीन नीतिलाई अवलम्बन गर्दै आएको छ । यसपटक पनि त्यसमा ताइवानको स्वतन्त्रताको विपक्षमा नेपाल उभिएको छ । त्यसैगरी बिआरआई कार्यन्वयन गर्ने, चीनको जिएसआई सम्बन्धी कार्यक्रममा नेपालको सहभागिताको अपेक्षा गर्दै गर्दा नेपालले यसमा विवेक पुऱ्याउनु जरुरी छ । समझदारी गरिएको रेल र पूर्वाधार कार्यान्वयन भएको खण्डमा देशले लाभ लिन सक्छ भने सीमा व्यवस्थापन सम्बन्धी समझदारी पूर्णरूपमा कार्यान्यन गर्नु जरुरी देखिन्छ । सीमा क्षेत्रमा तीन तहमा सम्पर्क प्रणाली स्थापना गरेर दुई देशबीचको सीमा व्यवस्थापन तथा सहयोगको स्तर बढाउने विषय पनि त्यसमा परेको छ । नेपाल र चीनको विषयमा कूटनीतिक चुनौती तथा समस्या छ । त्यसलाई समयमै समाधान गर्न जरुरी देखिन्छ । चीनबाट नेपालले कसरी लाभ लिन सक्छ भन्ने विषयमा राज्य गम्भीर बन्नु जरुरी छ ।

*–इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पारिवारिक सुख मिल्नेछ, तर पुँजी बजारमा लगानी नगर्दा बेस हुनेछ । | **तुला** : कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ । मनमा उत्साहका हुनेछ । |
| **वृष** : पुनर्मिलनको योग रहेको छ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ । | **वृश्चिक** : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । |
| **मिथुन** : आफन्तको सहयोग प्राप्त हुनेछ । धनार्जनका स्रोत पत्ता लाग्नेछन् । | **धनु** : रोकिएको धन हात पर्ला । स्थान परिवर्तनका विशेष योग देखिन्छन् । |
| **कर्कट** : कार्यमा अवरोध आउला । यात्रामा मालसामान हराउन सक्छ । | **मकर** : धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |
| **सिंह** : स्वादिष्ट भोजन पाइनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । | **कुम्भ** : सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **मीन** : समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता पनि लिनेछ । |

# रामपुरमा वडाबाटै मालपोतको राजश्व संकलन हुने

**पाल्पा,** असोज १५/जिल्लाको रामपुरमा वडा कार्यालयबाटै मालपोतको राजश्व संकलन गरिने भएको छ । रामपुर नगर सरकारले वडा कार्यालय मार्फत मालपोतको राजश्व संकलन गर्न लागेको हो ।

यस अघि वडाबाट विभिन्न सिफारिस र घटना दर्ताको मात्रै राजश्व संकलन हुँदै आएको थियो । अब भने वडा कार्यालयबाट नगरवासीले मालपोतको राजश्व समेत तिर्न पाउने छन् । नगरपालिकाले आगामी मंसिर महिनादेखि नगरका प्रत्येक वडा कार्यालयबाटै मालपोतको राजश्व संकलन गर्ने गरी काम अगाडि बढाएको छ । सोमबार बसेको कार्यपालिकाको बैठकले यस्तो निर्णय गरेको हो । जनताको सेवा सहजताका लागि अब प्रत्येक वडा कार्यालयबाट मालपोतको राजश्व तिर्ने सुविधा दिइने नगर प्रमुख रमणबहादुर थापाले बताए । थोरै राजश्व तिर्नका लागि पनि धेरै समय खर्चेर नगरपालिकाको कार्यालयमा आउनु पर्दा जनतालाई सास्ती भएको भन्दै छिटो सेवाका लागि वडा कार्यालयबाटै सेवा दिने निर्णय गरिएको नगर प्रमुख थापाले बताए । ४०/५० रुपैयाँ मालपोतको राजश्व बुझाउन पनि नगरपालिकाको



कार्यालयमा आउनु पर्ने सेवाग्राहीको समस्यालाई मध्यनजर गरी वडा कार्यालयहरुबाटै छिटो र सहज रुपमा सेवा प्रदान गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । यस्तै रामपुर नगरपालिकामा सञ्चालन हुने नगरस्तरीय योजना मंसिर मसान्त भित्र सम्झौता गरी सक्नु पर्ने निर्णय पनि बैठकले गरेको नगर प्रवक्ता कपिलबहादुर खाँणले जानकारी दिए । उपभोक्ताको हित र गुणस्तरिय रुपमा समयमा योजना सम्पन्न गर्नका लागि मंसिर मसान्त सम्मका लागि सम्झौताको मिति तय गरिएको उनले बताए । असोज मसान्त भित्र हरेक योजनाको उपभोक्ता समिति गठन गर्नु पर्ने र कार्तिक मसान्त भित्र स्टीमेट गरिसक्नु पर्ने पनि निर्णय भएको छ । यस्तै कार्यपालिका बैठकले चाडपर्वलाई मध्यनजर गर्दै नगरपालिका भित्रका सडकहरु दशैं अगाडि नै मर्मत गर्ने पनि निर्णय गरेको छ ।

## खेलकुद समाचार

# एसियाली क्रिकेट : आज नेपाल भारतसँग खेल्दै



**काठमाडौं,** असोज १५/चीनमा भइरहेको एसियाली खेलकुद अन्तर्गत पुरुष क्रिकेटको क्वाटरफाइनलमा नेपाल आज भारतसँग खेल्न लागेको छ ।

सोमबार भएको ड्र अनुसार नेपालले क्वार्टर फाइनलमा भारतलाई प्रतिद्वन्द्वी पाएको हो । एक महिनाअघि एसिया कप क्रिकेट पहिलो पटक भारतसँग ओडीआई खेलेको नेपालले एसियन गेम्समा भारतसँग पहिलो पटक टी–२० आई खेल्ने भएको हो । खेल नेपाली समय अनुसार (आज) मंगलबार बिहान पौने ७ बजे सुरु हुने छ । अरू क्वार्टरफाइनलमा पाकिस्तान र हङकङ, श्रीलंका र अफगानिस्तान तथा बंगलादेश र मलेसियाले खेल्ने छन् । भारत, पाकिस्तान, श्रीलंका, अफगानिस्तान र बंगलादेश विश्वकप क्रिकेटको तयारीमा छन् । त्यसैले उनीहरुले एसियाली खेलकुदमा दोस्रो श्रेणीको टिमलाई पठाएका छन् ।

समूह चरणमा मंगोलिया र माल्दिभ्सलाई हराउँदै नेपाल क्वार्टर फाइनलमा पुगेको हो । नेपालले अन्तिम ८ मा भारतलाई हराए पाकिस्तानसँग सेमिफाइनलमा भेट हुनेछ । नेपालले समूह चरणमा मङ्गोलियालाई कीर्तिमानी २ सय ७३ रनले र माल्दिभ्सलाई १ सय ३८ रनले हराएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# बढ्यो सेयर बजार, घट्यो कारोबार रकम



**पाल्पा,** असोज १५/सोमबार सेयर बजार बढेको छ भने कारोबार रकम घटेको छ । सेयर बजारको परिसूचक नेप्से ५ दशमलव १९ अंक बढेको हो ।

सो अंकको वृद्धिपछि परिसूचक १ हजार ९ सय ७६ अंकमा कायम भएको छ । परिसूचक बढ्दा कारोबार रकम भने घटेको छ । आइतबार १ अर्ब ८३ करोड रुपैयाँ बराबरको कारोबार भएकोमा दोस्रो दिन सोमबार १ अर्ब ७३ करोडको कारोबार भयो । सो अवधिमा दुई सय ८६ कम्पनीको ५७ लाख ७६ हजार आठ सय ९६ कित्ता शेयर ८५ हजार पाँच सय ९१ पटक खरिद बिक्री हुँदा एक अर्ब ७३ करोड ७३ लाख १४ हजार ९२ बराबरको कारोबार भएको हो । होटल तथा पर्यटन र उत्पादन तथा प्रशोधन समूहको उपसूचक घट्दा अरु सबै समूहका उपसूचक बढेको छन् । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३३ र म्युचुअल फन्ड समूहको उपसूचक एक प्रतिशतले बढेको छ ।

सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै मूल्य घट्नेमा भने पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव २९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआइसी एशिया बैंक लिमिटेडको २१ करोड ६८ लाख नौ हजार एक सय ४१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको दुई लाख ८७ हजार ५२ कित्ता शेयर किनबेच भएको छ ।

# गुल्मीमा पर्यटकीय एवं कृषि महोत्सव हुँदै

**गुल्मी,** असोज १५/गुल्मीमा पर्यटकीय एवं कृषि महोत्सव हुन लागेको छ । गुल्मी उद्योग संघको आयोजनामा कात्तिक १५ देखि २५ गतेसम्म रेसुङ्गा नगरपालिका-९ उपल्लो तम्घासमा महोत्सव हुन लागेको हो ।

आर्थिक चलायमान बनाउन महोत्सव गर्न लागिएको संघले जनाएको छ । रेसुङ्गा क्षेत्रको पर्यटन प्रवर्द्धन, कृषि र पशुपालन क्षेत्रको विकासमा महोत्सवले महत्वपूर्ण टेवा पुग्ने संघले जनाएको छ । संघले पत्रकार सम्मेलन गरी महोत्सवको बारेमा जानकारी गराएको छ । 'उद्योग, कृषि र पर्यटनमा उनिएको थुंगा, समुन्नत गुल्मीका लागि जाऊँ हिँड रेसुङ्गा' भन्ने नारासहित महोत्सव सञ्चालन गर्न लागिएको संघका अध्यक्ष नवराज भुसालले




बताए । महोत्सवमा रेसुङ्गा क्षेत्रको धार्मिक एवं पर्यटकीय महत्व, रुरु क्षेत्र, धुर्कोटको बिचित्र गुफा, चन्द्रकोटको टिमुरे ताल लगायतका विषयमा प्रचारप्रसार गरेर पर्यटकीय प्रवर्द्धन हुने, गुल्मीका उत्पादन हुन कफी, गुडको ब्रान्डिङ गरी बिक्री प्रवर्द्धनमा सहयोग पुऱ्याउने र पशुपालनका फाइदा र त्यसबाट लिन सकिने लाभका विषयमा युवाहरुलाई जानकारी गराएर कृषि र पशुपालनका युवा सहभागिता बढाउने पनि महोत्सवको उद्देश्य रहेको अध्यक्ष भुसालले बताए । उनका अनुसार महोत्सवमा १ लाख बढीले अवलोकन गर्ने अनुमान गरिएको छ ।

संघका महासचिव सुदर्शन खनालले रेसुङ्गा नगरपालिकाले शुभारम्भ गरेको 'जाऊँ हिँड रेसुङ्गा' अभियानलाई सहयोग पुऱ्याउने उद्देश्य राखिएको बताए । खनालका अनुसार स्थानीयका लागि स्टलमा ३० प्रतिशत छुट दिइनेछ । उनले महोत्सवमा जिल्लामा लगानी, सम्भावना र चुनौती विषयमा राष्ट्रिय स्तरका विषय विज्ञहरुसँग छलफल गरेर सम्भावनाको खोजी गर्ने उद्देश्य रहेको बताए । महोत्सवमा राष्ट्रिय एवं स्थानीय कलाकारद्वारा सांस्कृतिक कार्यक्रम तथा मनोरञ्जनात्मक क्रियाकलाप पनि गरिने संघले जनाएको छ । स्थानीय तहलाई एक/एक वटा स्टल दिइने छ ।

## आनन्द बचत तथा ऋण सहकारी संस्था लि. को साधारण सभा सम्बन्धी सूचना

आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को यहि मिति २०८० अश्विन २० गते शनिबारका दिन १३ औं वार्षिक साधारण सभा हुन गहिरहेको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कदमकदाचित निमन्त्रणा कार्ड प्राप्त नभएको भए यस सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति :-** २०८० आश्विन २० गते शनिबार ।
**समय :-** बिहान ११:३० बजे (कृपया ठिक समयमा पाल्नुहोला)
**स्थान :-** माधव प्रसाद देवकोटा सभाकक्ष, त्रिभुवन बहुमुखी क्याम्पस लहरेपिपल, तानसेन, पाल्पा ।

अनुरोध
सर्जुलाल बज्राचार्य
अध्यक्ष
**आनन्द बचत तथा ऋण सहकारी सस्था लि.**
**तानसेन-६, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२१५५३**

# अवैध ढुंगा निकासी गर्ने टिपर र जेसिबी प्रहरी नियन्त्रणमा





**पाल्पा,** असोज १५/अवैध रुपमा ढुंगा निकासी गर्ने दुई टिपर र दुई जेसिबीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

पाल्पाको तिनाउ गाउँपालिका-३, हेडवक्स नाग मन्दिर नजिकै सिद्दार्थ राजमार्गमा अवैध रुपमा ढुङ्गा निकासी गर्दै गरेको अवस्थामा टिपर र जेसिबीलाई प्रहरीले नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार बा.प्र.०१-००३ प ९९१४, प्रदेश ३ ०१-०३ क ६७७७ नम्बरको जेसिबी र लु २ ख ३६६२, लु २ ख ३९६४ नम्बरको टिपरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । जेसिबिको प्रयोग गरी अवैध रुपमा ढुङ्गा उत्खनन भईरहेको भन्ने जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी दोभानबाट प्रहरी नायव निरीक्षक सहितको प्रहरी टोली खटि टिपर र जेसिबीलाई नियन्त्रणमा लिइएको हो ।

टिपर र जेसिबीलाई नियन्त्रणमा लिई गाउँपालिकामा बुझाइएको प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई